# २०७४ सालको क्यालेण्डर छपाई तथा आपूर्ति गर्ने सम्बन्धी शिलवन्दी दरभाउपत्र आह्वानको सूचना

(गोरखापत्रमा प्रथमपटक प्रकाशित मिति २०७३/१०/०७)

यस कार्यालयलाई देहाय अनुरुप भित्ते पात्रो **(Wall calender)** र टेवल क्यालेण्डर **(Table calender)** छपाई गर्नुपर्ने भएकोले कोषको लोगो र तोकिए अनुसारको सूचना समेत छपाई हुनेगरी आपूर्ति गर्न इच्छुक रजिष्टर्ड फर्म, उत्पादक तथा आपूर्तिकर्ताबाट रीतपूर्बकको सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

| प्याकेज नं. | विवरण | परिमाण |
|---|---|---|
| १ | वाल क्यालेण्डर | ६००० (छ हजार) थान |
| २ | टेवल क्यालेण्डर | १००० (एक हजार ) थान |

१. वाल क्यालेण्डर र टेवल क्यालेण्डरको Specification दरभाउपत्र कागजातमा तोकीए बमोजिम हुनेछ ।

२. योग्य रजिष्टर्ड फर्मले फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्वर **(PAN),** मू.अ.कर (**VAT**) दर्ता प्रमाणपत्रको प्रतिलिपि सहित रु. ५००/- (फिर्ता नहुने) तिरी कोषको पुल्चोकस्थित खरिद शाखावाट दरभाउपत्र फाराम प्राप्त गर्न सक्नेछ ।

३. दरभाउपत्र फाराममा सम्पूर्ण कुराहरु नछुटाई भरी अंक र अक्षरमा स्पष्टसंग कवोल मूल्य भरी खामबाहिर **"वाल क्यालेण्डर र टेवल क्यालेण्डर छपाई गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र"** उल्लेख गरी सिलबन्दी (लाहाछाप) गरी कोषको खरिद शाखा पुल्चोकमा बुझाउनुपर्नेछ ।

४. दरभाउपत्रदाताले दरभाउपत्र साथ दरभाउपत्र सुरक्षण वापतको रु. २०,०००/ (अक्षेरेपी विस हजार मात्र), नेपाल इनभेष्टमेन्ट बैंक, पुल्चोकमा रहेको कोषको खाता नं. ००४०१०१०२५४३७३ मा नगदै जम्मा गरी सोको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिन म्याद कायम रहने गरी कुनै बाणिज्य बैंकले कोषको नाममा जारी गरेको शर्त रहितको बैंक जमानत (बैंक ग्यारेण्टी) को सक्कलै पेश गर्नु पर्नेछ ।

५. दरभाउपत्र फाराम खरिद गर्ने, दाखिला गर्ने र खोल्ने समय र स्थान देहायबमोजिम हुनेछ । उल्लिखित मितिमा सार्वजनिक विदा परे सो कार्य सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन सोही समयमा हुनेछ :

(क) दरभाउपत्र फाराम कोषको पुल्चोक ललितपुर स्थित खरिद शाखावाट सूचना प्रकाशित भएको मितिदेखि २०७३/१०/२० गते सम्म कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।

(ख) दरभाउपत्र फारम दस्तुर बापतको रकम कोषको नाममा रहेको नेपाल इनभेष्टमेन्ट बैंक, पुल्चोकको खाता नं. ००४०१०१०२५४३७३ मा नगदै जम्मा गरी सोको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

(ग) दरभाउपत्र फाराम कोषको पुल्चोक ललितपुरस्थित कार्यालयमा मिति २०७३/१०/२१ गते १२:१५ वजे सम्ममा बुझाई सक्नुपर्नेछ । प्राप्त शिलबन्दी दरभाउपत्रहरु सोही दिन १:३० बजे उपस्थित भएका शिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा कोषको केन्द्रीय कार्यालय, पुल्चोकमा खोलिनेछ ।

(घ) सम्बन्धीत दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

६. सिलबन्दी भै नआएको, म्याद नाघी प्राप्त भएको, रीत नपुगेको, योग्यताका आधारहरु पुरा नभएको, पर्याप्त जमानत (धरौटी) समावेश नभएको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

७. प्राप्त दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने अधिकार कोषमा नै सुरक्षित रहनेछ ।

८. शिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य कुराहरु दरभाउपत्र कागजातको दरभाउपत्रदातालाई निर्देशनमा उल्लेख भए बमोजिम हुनेछ ।

९. यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा कोषको पुल्चोक स्थित खरिद शाखामा सम्पर्क राख्न सकिनेछ । साथै यो सूचना कोषको वेभसाईट www.epfnepal.com.np मा पनि हेर्न सकिनेछ ।


कर्मचारी संचय कोष

खरिद शाखा

पुल्चोक, ललितपुर

**फोन नं. ५०१०१६७**